नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रीय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान
मातातीर्थ काठमाण्डौ

**राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. NAPFA/02/2075/076**

सूचना प्रकाशित मिति २०७६।०१।१३ गते ।

१. आ.ब. २०७५/०७६ मा राष्ट्रीय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानको लागि आवश्यक भएका फर्निचरहरु बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य बोलपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. बोलपत्रदाताले लिखित निवेदनसाथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा रु. ३,०००/- (फिर्ता नहुने गरी) बुझाई मिति २०७६/०२/१२ गते कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

३. बोलपत्रसाथ को.ले.नि.का त्रिपुरेश्वर काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय टेकु, काठमाण्डौ स्थित धरौटी खाता नं. १७००२०३, यस कार्यालयको कोड नं. २७-३१४-८५ मा रु. ८०,०००/- रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको "क" बर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात १२० दिन हुनु पर्नेछ ।

४. Pre Bid Meeting मिति २०७६/०२/०१ गते १३०० बजे यस कार्यालयमा हुनेछ ।

५. मिति २०७६/०२/१३ गते १२०० बजे भित्र बोलपत्र दाखिला गरी सक्नु पर्नेछ । दाखिला भएका बोलपत्रहरु सोही दिनको १४०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र खोलुवा समितिको रोहवरमा यस प्रतिष्ठानमा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ ।

७. बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. बोलपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ बमोजिम हुनेछ ।

९. बोलपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं.०१-४३१६२०२ मा सम्पर्क गर्न सकिने छ । साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको *website: www.apf.gov.np* र *www.ppmo.gov.np* मा समेत हेर्न सकिने छ ।